August 03, 2024

Saturday

National News

**प्रमुख समाचार:**

1. सरकारले किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कृषि क्षेत्रलाई सुदृढ गर्दै आएको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
2. पहिरो प्रभावित केरलाको वायनाड जिल्लामा पाँचौं दिन खोजी कार्य जारी
3. पर्यटन क्षेत्रमा भारतीय अर्थतन्त्रलाई विश्वको तेस्रो ठूलो अर्थतन्त्र बनाउने क्षमता रहेको केन्द्रीय पर्यटन तथा संस्कृतिमन्त्री श्री गजेन्द्र सिंह शेखावतको धारणा
4. पेरिस ओलम्पिकमा, मनु भाकेर महिलाको २५ मिटर पिस्टलको फाइनलमा चौथो स्थानमा, अन्य भारतीय खेलाडीहरू आर्चरी, बक्सिङ र गल्फ इभेन्टहरूमा प्रतिस्पर्धा गर्दै

## 1. PM Agri Economists

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारत अतिरिक्त खाद्यान्न उत्पादन गर्ने देश भएको र विश्वव्यापी खाद्य सुरक्षा अनि विश्वव्यापी पोषण सुरक्षामा संलग्न रहेको बताउनुभएको छ। उहाँले सरकारले किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले कृषि क्षेत्रलाई सुदृढ गर्दै आएको बताउनुभयो । आज नयाँ दिल्लीमा 32 औं अन्तर्राष्ट्रिय कृषि अर्थशास्त्री सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले कृषि सरकारको आर्थिक नीतिको केन्द्र हो भन्नुभयो। भारतले रसायनरहित प्राकृतिक खेतीलाई प्रवर्द्धन गरिरहेको प्रधानमन्त्रीले बताउनुभयो । प्रधानमन्त्री श्री मोदीले देशमा कृषि शिक्षाका लागि पाँच सयभन्दा बढी कलेज र सात सयभन्दा बढी कृषि विज्ञान केन्द्रले किसानलाई नयाँ प्रविधिको जानकारी दिइरहेको बताउनुभयो । अन्तर्राष्ट्रिय कृषि अर्थशास्त्री सम्मेलनमा करिब ७५ देशका करिब एक हजार प्रतिनिधिको सहभागिता रहेको छ। यस अवसरमा केन्द्रीय कृषि मन्त्री श्री शिवराज सिंह चौहानले प्रधानमन्त्री श्री मोदीको नेतृत्वमा भारतको कृषि विकास दर लगातार विश्वमै उच्च रहेको बताउनुभयो ।

## 2. Kerala - Wayanad

केरलाको वायनाड जिल्लामा ठूलो पहिरो गएपछि सेनाले मानवीय सहायता र राहत तथा उद्धार कार्यमा निरन्तर लागिरहेको छ । भारी मेसिनरी र अत्याधुनिक उपकरणसहित एक हजार तीन सय उद्धारकर्मीले आज पाँचौं दिन पनि खोजी कार्य सुरु गरेका छन् । सेना, राष्ट्रिय प्रकोप उद्धार बल र अन्य निकायका मानिसहरूले प्रकोप प्रभावित क्षेत्रमा शव खोजिरहेका छन्। राज्य सरकारको अनुरोध पछि सेनाले भग्नावशेषबाट खोज अभियान सञ्चालन गर्ने बताइएको छ।

## 3. Govt Insurance Company

सरकारले सार्वजनिक क्षेत्रको बीमा कम्पनीहरूलाई केरलामा पहिरोबाट प्रभावित मानिसहरूलाई बीमा दाबीहरूको छिटो समाधान र पूर्ण भुक्तानी सुनिश्चित गर्न। यथासम्भव सहयोग उपलब्ध गराउन निर्देशन दिएको छ। वित्त मन्त्रालयले भारतीय जीवन बीमा निगमलाई प्रधानमन्त्री श्री जीवन ज्योति बीमा योजना अन्तर्गत मनोनित बीमा धारकहरूलाई छिटो भुक्तानी गर्न भनेको छ। यस सम्बन्धमा द्रुत गतिमा काम गर्न आवश्यक कागजात सम्बन्धी प्रक्रियामा छुटा पनि दिइएको मन्त्रालयले जनाएको छ। यस सन्दर्भमा बीमा कम्पनीहरूले का गर्न थालेका छन् र पहिरोबाट सबैभन्दा प्रभावित जिल्ला वायनाड, पलक्कड, कोझिकोड र त्रिशूरमा विभिन्न माध्यमबाट आफ्ना बीमा धारकहरूको जानकारी लिइरहेका छन्। यी क्षेत्रहरूमा सबैभन्दा धेरै भुक्तानी दावी गरिएको छ। सार्वजनिक बीमा परिषद्ले बीमा कम्पनीहरूसँगको सहकार्यमा दाबीहरू छिटो टुङ्गो लाग्ने र भुक्तानी यथाशीघ्र हुने सुनिश्चित गर्नेछ। यस सम्बन्धमा, एक पोर्टल सुरु गरिनेछ, जसले दैनिक रूपमा हुने कामको बारेमा जानकारी दिनेछ। मन्त्रालयले यस विपदबाट प्रभावित जनतालाई सहयोग गर्न केन्द्र सरकार प्रतिबद्ध रहेको र सरकारले उनीहरूलाई कुनै ढिलाइ र झन्झट बिना सबै आवश्यक सुविधाहरू उपलब्ध गराउने सुनिश्चित गर्ने जनाएको छ।

## 4. Shkhawat – Hospitality Expo

केन्द्रीय पर्यटन तथा संस्कृतिमन्त्री श्री गजेन्द्र सिंह शेखावतले पर्यटन क्षेत्रमा भारतीय अर्थतन्त्रलाई विश्वको तेस्रो ठूलो अर्थतन्त्र बनाउने क्षमता रहेको बताउनुभएको छ। ग्रेटर नोएडामा सातौं अन्तर्राष्ट्रिय आतिथ्य प्रदर्शनीको उद्घाटन समारोहलाई सम्बोधन गर्दै, श्री शेखावतले सरकार पर्यटन र आतिथ्य क्षेत्रमा उत्कृष्टता हासिल गर्न प्रतिबद्ध छ भन्नुभयो। उहाँले पछिल्लो ६ वर्षमा भारतको आतिथ्य उद्योगको विकासमा अन्तर्राष्ट्रिय आतिथ्य प्रदर्शनीले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। श्री शेखावतले भारतमा पर्यटनका धेरै अवसरहरू रहेको पनि जोड दिनुभयो। श्री शेखावतले कृषि र पर्यटन देशका दुई ठूला क्षेत्र भएकाले जनताको चाहनाअनुसार सबै कुरा पूरा गर्न सकिने बताउनुभयो। उहाँले सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान पुग्न सक्ने बताउनुभयो।

## 5. Uttarakhand – Rescue Operation

उत्तराखण्डको केदारनाथ यात्रा मार्गका विभिन्न स्थानमा फसेका तीर्थयात्रीको उद्धार र राहत गर्न आज तेस्रो दिन पनि आफ्नो अभियान जारी राखेको छ। हालसम्म करिब सात हजार भक्तजन र स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ। जिल्ला, प्रदेश र राष्ट्रिय विपद् व्यवस्थापन टोली र प्रहरी विभाग हेलिकप्टरको सहयोगमा युद्धस्तरमा उद्धार कार्यमा जुटेका छन्। अहिले करिब एक हजार श्रद्धालु विभिन्न स्थानमा अलपत्र परेका छन्। राज्य प्रकोप उद्धार बलको टोलीले जिल्लाको मुनकटिया र सोनप्रयाग बीचको पहाडी मार्ग पार गर्न 300 जनालाई मद्दत गरेको छ। चिरवासामा हेलिकप्टरको सहयोगमा यात्रुलाई निकाल्ने काम भइरहेको छ।

## 6. Himachal Pradesh – Flood

भारतीय सेनाले बाढी प्रभावित हिमाचल प्रदेशको शिमला र मण्डी जिल्लामा राहत कार्यमा सहयोग गर्न स्रोत परिचालन गरेको छ । शिमलाको सामेज गाउँमा सेनाको तीन टुकडी, इन्जिनियर कार्य बल र एक चिकित्सा टोली तैनाथ गरिएको छ । टोलीले सडक मर्मत तथा फुटब्रिज निर्माण गरी प्रभावित नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराएको थियो । मण्डीको बारोत गाउँमा बादल पड्किँदा १० जना बेपत्ता भएपछि राज्य विपद् व्यवस्थापन बलले खोजी अभियान सुरु गरेको छ ।

## 7. Prez – NZ, Fiji Visit

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले अगस्ट ५ देखि १० सम्म फिजी, न्युजिल्यान्ड र टिमोर–लेस्टे गरी तीन देशको भ्रमण गर्नु हुनेछ।। विदेश मन्त्रालयका अनुसार भारतका राष्ट्रपतिको फिजी र तिमोर-लेस्टेको यो पहिलो भ्रमण हो।

## 8. Olympic

पेरिस ओलम्पिकमा भारतकी दीपिका कुमारी आर्चरीको क्वार्टरफाइनलमा दक्षिण कोरियाकी नाम सुहेयोनसँग पराजित भएकी छन् । अर्की आर्चर भजन कौर पनि इन्डोनेसियाकी डियान्दा चोइरुनिसासित पराजित भइन्। योसँगै आर्चरी प्रतियोगितामा भारतको खेल समाप्त भएको छ। सुटिङ्मा मनु भाकेरले पेरिस ओलम्पिकमा पदकको ह्याट्रिक गर्न सकेनन् । उनी २५ मिटर पिस्टलमा चौथो भइन् । गल्फमा शुभंकर शर्मा तेस्रो राउण्डका लागि प्रतिस्पर्धा गर्दैछन् । उनी अहिले ३१ नम्बरमा छन् । बक्सिङमा निशान्त देवले आज पुरुष ७१ केजी तौल समूहको क्वाटरफाइनलमा आफ्नो चुनौती प्रस्तुत गर्नेछन् । यदि निशान्तले आज मेक्सिकोका मार्को अलोन्सो भेर्डे अल्भारेजलाई पराजित गर्न सके भने उनको पदक पक्का हुनेछ। पदक तालिकामा चीन १२ स्वर्ण, ७ रजत र त्यति नै कास्यसहित २६ पदक जितेर पहिलो स्थानमा छ । भारत तीन कास्य पदकसहित ४५ औं स्थानमा छ।